☞ सम्मानित सर्वोच्च अदालतको मिति २०७९।१०।२० गतेको अन्तरिम आदेश बमोजिम उक्त मुद्दाको अन्तिम टुंगो नलागेसम्मका लागि लोक सेवा आयोगले मिति २०७६।२।१५ गते विज्ञापन प्रकाशन गरी स्थानीय तहका लागि लिएको परीक्षाबाट सिफारिस भई हाल कार्यरत बहालवाला सरकारी कर्मचारीलाई समेत निजामती सेवाका विज्ञापित पदमा उमेर हद लाग्ने छैन। यस्ता उम्मेदवारले सो व्यहोराको निवेदन अनलाइन दरखास्त प्रणालीको अनुभव (Experience) खण्डमा अपलोड गर्नुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** दरखास्त दस्तुर आयोगको अनलाईन दरखास्त प्रणालीमार्फत विद्युतीय माध्यमबाट सोझै वा Master ID र कारोवार संकेत नम्बर उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएका बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा २०८२/७/२६ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अनिवार्य अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान JPG Format मा अपलोड गर्नुपर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह, उपसमूहसम्बन्धी।

**तलबः-** प्रचलित कानून बमोजिम।

**सेवासम्बन्धी निकायः-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित निकायहरु।

# आवश्यक न्यूनतम योग्यता

## क) आ.प्र.को लागि

### अ) निजामती सेवातर्फ

१. राजपत्रांकित प्रथम श्रेणीको लागि निजामती सेवाको बढुवा हुने पदसँग सम्बन्धित सेवाको रा.प.द्वितीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको र राजपत्रांकित द्वितीय श्रेणीको लागि राजपत्रांकित तृतीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको। निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४क) अनुसार

राजपत्रांकित द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने पदहरुमा सो पदका लागि तोकिए बमोजिमको सेवा अवधि र योग्यता पुगेका निजामती सेवा ऐन, २०४९, संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्। तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ। नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको हकमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा व्यवस्था भए बमोजिम हुनेछ। संघीय संसद सेवाका रा.प. द्वितीय श्रेणीको पदमा रिक्त पद भन्दा एक श्रेणी मुनिको संघीय संसद सेवाको पदमा दफा २८ बमोजिमको सेवा अवधि र शैक्षिक योग्यता पुगेका कर्मचारी मात्र परीक्षामा उम्मेदवार हुन सक्नेछन्।

२. विज्ञापन गरिएको पदसँग सम्बन्धित सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भएको।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ बमोजिमको सेवा अवधि पूरा गरी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ७ मा तोकिएका आवश्यक न्यूनतम योग्यता पुगेका स्वास्थ्य सेवाका कर्मचारी हुनुपर्नेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूह सम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम भएको हुनुपर्नेछ।

**इ) राष्ट्रिय मानव अधिकार सेवातर्फ**

बढुवा हुने पद भन्दा सम्बन्धित सेवाको एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता पूरा गरेको र राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली, २०७२ को नियम ३१ र ३२ बमोजिमको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ।

## (ख) खुलाको लागि

**(अ) निजामती सेवातर्फ**

सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा राजपत्रांकित द्वितीय श्रेणीको पदको हकमा पाँच वर्ष र राजपत्रांकित प्रथम श्रेणीको पदको हकमा सात वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ।

**आ) स्वास्थ्य सेवातर्फ**

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ मा उल्लेखित न्यूनतम योग्यता प्राप्त गरेको र सम्बन्धित क्षेत्रको अधिकृत स्तरमा नवौं तहको हकमा पाँच वर्ष र एघारौं तहको हकमा सात वर्ष अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ। दरखास्त दिने उम्मेदवारहरु अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

## खुलातर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

### अ) राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह पदका लागि

१. **नेपाल न्याय सेवा, न्याय, कानून र सरकारी वकिल समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **नेपाल प्रशासन सेवा:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उपाधि प्राप्त।

३. **नेपाल लेखापरीक्षण सेवा:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा सात वर्षको अनुभव प्राप्त गरेको।

४. **संघीय संसद सेवा, प्रशासन समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

५. **नेपाल इञ्जिनियरिङ्ग सेवा, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग समूह, जनरल इलेक्ट्रिकल इञ्जिनियरिङ्ग उपसमूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको मध्ये कुनै एक इञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उत्तीर्ण।

(क) इलेक्ट्रिकल वा हाइड्रोइलेक्ट्रिक वा हाइड्रोइलेक्ट्रिक सिस्टम इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा हाइड्रोइलेक्ट्रिक एण्ड म्यानेजमेन्ट वा

(ख) पावर सिस्टम इञ्जिनियरिङ्ग वा पावर सिस्टम म्यानेजमेन्ट वा वाटर सिस्टम प्रोटेक्सन वा पावर सिस्टम नेटवर्क वा कन्ट्रोल सिस्टम वा इलेक्ट्रिक पावर इञ्जिनियरिङ्ग वा पावर सिस्टम्स् एण्ड इट्स् अटोमेसन वा इलेक्ट्रिकल सिस्टम एण्ड नेटवर्क वा पावर इलेक्ट्रोनिक्स वा हाइ भोल्टेज इञ्जिनियरिङ्ग वा

(ग) रिन्यूएबल इनर्जि वा इनर्जि म्यानेजमेन्ट वा इनर्जि इकोनोमिक्स वा वाटर रिसोर्सेज डेभलपमेन्ट (इलेक्ट्रिकल) वा

(घ) इलेक्ट्रिकल पावर स्टेशन वा इन्डस्ट्रीयल इलेक्ट्रिक ड्राइभ इक्युपमेन्ट एण्ड प्रोसेस अटोमेसन वा पावर स्टेशन नेटवर्क सिस्टम एण्ड पावर सप्लाई अफ इन्डस्ट्रीयल इन्टरप्राइजेज वा पावर इञ्जिनियरिङ्ग वा इलेक्ट्रिकल पावर इञ्जिनियरिङ्ग।

६. **नेपाल इञ्जिनियरिङ्ग सेवा, माइनिङ्ग इञ्जिनियरिङ्ग समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट माइनिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण।

७. **नेपाल कृषि सेवा, बाली विकास समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एग्.) वा सो सरह उत्तीर्ण।

८. **नेपाल कृषि सेवा, बाली संरक्षण समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली संरक्षण विषयमा स्नातकोत्तर तह (एम.एस्सी.एग्.) वा सो सरह उत्तीर्ण।

९. **नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्वेक्षण वा भू-तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायू परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

### (आ) राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह

१. **नेपाल न्याय सेवा, न्याय, कानून, सरकारी वकिल समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस्), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण।

३. **नेपाल प्रशासन सेवा, लेखा समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमा स्नातकोत्तर उत्तीर्ण।

४. **नेपाल प्रशासन सेवा, राजस्व समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र वा जनप्रशासन (सार्वजनिक वित्त वा लेखा विषयसहित) मा स्नातकोत्तर उत्तीर्ण।

५. **नेपाल लेखापरीक्षण सेवा (निर्देशक):-** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त।

६. **संघीय संसद सेवा, प्रशासन समूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै पनि विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

७. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह:-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण।

८. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इञ्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण।

९. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स डेभलपमेण्ट वा हाइड्रोलोजी वा वाटर युज मेनेजमेन्ट वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा वाटर रिसोर्स इञ्जिनियरिङ्ग वा हाइड्रोलोजिकल इञ्जिनियरिङ्ग वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाइड्रोइन्फरमेटिक्स वा इरिगेशन इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा वाटर इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चर प्लानिङ्ग वा हाइड्रोलोजी एण्ड वाटर रिसोर्स वा हाइड्रोलिक इञ्जिनियरिङ्ग ट्रपिकल वाटर म्यानेजमेन्ट वा सिभिल एण्ड म्युनिसिपल इञ्जिनियरिङ्ग वा कन्सट्रक्सन म्यानेजमेन्ट वा एप्लाइड जियो मर्फोलोजिकल एण्ड इञ्जिनियरिङ्ग जियोलोजिक सर्भे वा वाटर रिसोर्सेस म्यानेजमेन्ट वा इञ्जिनियरिङ्ग सर्भे वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा नेचुरल रिसोर्स म्यानेजमेन्ट वा हाइड्रोलिक इञ्जिरियरिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उत्तीर्ण।

१०. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोलोजी उपसमूहः-** मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा वा हाइड्रोलोजी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

११. **नेपाल इञ्जिनियरिङ्ग सेवा, इलेक्ट्रीकल समूह, जनरल इलेक्ट्रीकल उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट देहायको मध्ये कुनै एक इञ्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उत्तीर्ण।
(क) इलेक्ट्रिकल वा हाइड्रोइलेक्ट्रिक वा हाइड्रोइलेक्ट्रिक सिस्टम इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा हाइड्रोइलेक्ट्रिक एण्ड म्यानेजमेन्ट वा
(ख) पावर सिस्टम इञ्जिनियरिङ्ग वा पावर सिस्टम म्यानेजमेन्ट वा पावर सिस्टम प्रोटेक्सन वा पावर सिस्टम नेटवर्क वा कन्ट्रोल सिस्टम वा इलेक्ट्रिक पावर इञ्जिनियरिङ्ग वा पावर सिस्टम्स् एण्ड इट्स् अटोमेसन वा इलेक्ट्रिकल सिस्टम एण्ड नेटवर्क वा पावर इलेक्ट्रोनिक्स वा हाइ भोल्टेज इञ्जिनियरिङ्ग वा
(ग) रिन्यूएबल इनर्जि वा इनर्जि म्यानेजमेन्ट वा इनर्जि इकोनोमिक्स वा वाटर रिसोर्सेज डेभलपमेन्ट (इलेक्ट्रिकल) वा
(घ) इलेक्ट्रिक पावर स्टेशन वा इन्डस्ट्रीयल इलेक्ट्रिक ड्राइभ इक्यूपमेन्ट एण्ड प्रोसेस अटोमेसन वा पावर स्टेशन नेटवर्क सिस्टम एण्ड पावर सप्लाई अफ इन्डस्ट्रीयल इन्टरप्राइजेज वा पावर इञ्जिनियरिङ्ग वा इलेक्ट्रिकल पावर इञ्जिनियरिङ्ग।

१२. **नेपाल इञ्जिनियरिङ्ग सेवा, जियोलोजी समूह, जनरल जियोलोजी उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी र एप्लाईड जियोलोजी वा इञ्जिनियरिङ्ग जियोलोजी वा हाइड्रोजियोलोजी वा जियोकेमेष्ट्री वा जियोलोजीकल इञ्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस.सी. वा सो सरह उत्तीर्ण।

१३. **नेपाल इञ्जिनियरिङ्ग सेवा, जियोलोजी समूह, हाइड्रोजियोलोजी उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट हाइड्रोजियोलोजी विषयमा वा हाइड्रोजियोलोजी वा ग्राउण्ड वाटर हाइड्रोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा जियोलोजीकल इञ्जिनियरिङ्ग वा एप्लाइड जियोलोजीमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजीकल इञ्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोलोजीकल इञ्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम. एस्सी. वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी ग्राउण्ड वाटर सम्बन्धी विषयमा ३ महिनाको तालिम प्राप्त।

१४. **नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल एभियसन अपरेसन एण्ड इञ्जिनियरिङ्ग समूह, सिभिल एभियसन अपरेसन उपसमूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान वा व्यवस्थापन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र आइ.ए.सि.ओ. वा स्वदेश/विदेश स्थित विभिन्न नागरिक उडड्यन सम्बन्धी प्रशिक्षण प्रतिष्ठान/प्रशिक्षण केन्द्र जस्ता संस्थाबाट राजपत्रांकित तृतीय श्रेणीमा सेवा प्रवेशको लागि तोकिएको आधारभूत तालिम प्राप्त गरी सो तालिम बाहेकको कुनै पनि नागरिक उडड्यनसँग सम्बन्धित थप तालीम वा डिप्लोमा प्राप्त।

१५. **नेपाल कृषि सेवा, एगृ. इको. एण्ड मार्केटिङ्ग समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ.मार्केटिङ्ग वा एगृ.फाइनान्स वा रिर्सोस इकोनोमिक्स वा एग्री विजनेस मुख्य विषय लिई स्नातकोत्तर तह (एम. एस्सी. एग्री.) वा सो सरह उत्तीर्ण।

१६. **नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्भेक्षण वा भू-तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायू परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

१७. **नेपाल वन सेवा, स्वायल एण्ड वाटर कन्जरभेशन समूहः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इञ्जिनियरिङ्ग वा वन वातावरण विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण।

१८. **नेपाल वन सेवा, बोटानी समूहः**-मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पति शास्त्रमा स्नात्तकोतर वा सो सरह उत्तीर्ण।

१९. **नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूहः-** मान्यत प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तीर्ण।

२०. **नेपाल विविध सेवा, कम्प्युटर (निर्देशक)**:- विविध सेवाको लागि राजपत्रांकित तृतीय श्रेणीको पदका लागि निर्धारित शैक्षिक योग्यता प्राप्त गरी ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त।

२१. **सिनियर इलेक्ट्रिकल इञ्जिनियर, संघीय संसद, प्राविधिकः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल इञ्जिनियरिङ्ग वा पावर सिष्टम इञ्जिनियरिङ्ग वा पावर सिष्टम म्यानेजमेन्ट वा पावर सिष्टम प्रोटेक्सन वा पावर सिष्टम नेटवर्क वा पावर कन्ट्रोल सिष्टम वा इलेक्ट्रिक सिष्टम इञ्जिनियरिङ्ग वा पावर सिष्टम एण्ड इट्स अटोमेशन वा इलेक्ट्रिकल सिष्टम एण्ड नेटवर्क वा पावर ईलेक्ट्रोनिक्स विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको।

## स्वास्थ्य सेवाको एघारौं र नवौं तहका आ.प्र.र खुलातर्फका पदहरुको आवश्यक न्यूनतम योग्यता

### (क) आ.प्र.को लागि

**एघारौं तह (पद, सेवा, समूह, उपसमूह)**

१. **प्रमुख कन्सल्टेन्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वी.वी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

२. **प्रमुख कन्सल्टेण्ट इन्डोक्राइनोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, इन्डोक्राइनोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी इन्डोक्राइनोलोजी विषयमा डि.एम. वा इन्डोक्राइनोलोजी विषयमा स्नातकोत्तर वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी इन्डोक्राइनोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोसिप गरी नेपाल मेडिकल काउन्सिलमा इन्डोक्राइनोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि.एम.को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोसिपको हकमा चार वर्षको इन्डोक्राइनोलोजीमा काम गरेको कार्य अनुभव भएको।

३. **प्रमुख कन्सल्टेण्ट हेपोटोलोजिष्ट (फिजिसियन), स्वास्थ्य, मेडिसिन हेपाटोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी हेपाटोलोजीमा डि.एम. वा हेपाटोलोजी विषयमा स्नातकोत्तर वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर गरी हेपाटोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोसिप गरी नेपाल मेडिकल काउन्सिलमा हेपाटोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि.एम.को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोसिपको हकमा चार वर्षको हेपाटोलोजीमा काम गरेको कार्य अनुभव भएको।

४. **प्रमुख कन्सल्टेण्ट सर्जन, स्वास्थ्य, सर्जरी, जनरल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वी.वी.एस. वा सो सरहको उपाधि प्राप्त गरी जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

५. **प्रमुख कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वी.वी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त। वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्यूरो सर्जरीमा डिप्लोमा वा सो सरह।

६. **प्रमुख कन्सल्टेण्ट ई.एन.टी. सर्जन, स्वास्थ्य, अटोरिनोल्यारिङ्गोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अटोरिनोल्यारिङ्गोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

७. **प्रमुख कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट, स्वास्थ्य, अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी अब्स्ट्रेटिक गाइकोनोलोजीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

८. प्रमुख मेडिकल सुपरिटेण्डेण्ट, स्वास्थ्य, ज.हे.स.:- मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त।

**नवौं तह (पद, सेवा, समूह, उपसमूह)**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि नेफ्रोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि न्यूरोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा इन्टरनल मेडिसिनमा स्नातकोत्तर उपाधि पछि कार्डियोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

४. **कन्सल्टेन्ट चेष्ट डिजिज (फिजिसियन), स्वास्थ्य, मेडिसिन, चेष्ट डिजिजेजः-**मान्यता प्राप्त शिक्षण संस्थानबाट एम.बि.बि.एस. वा सो सरहको उपाधि प्राप्त गरी चेष्टडिजिजेजमा स्नातकोत्तर वा चेष्टडिजिजेजमा डिप्लोमा वा सो सरह।

५. **कन्सल्टेन्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, मेडिकल अंकोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थानबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी मेडिकल अंकोलजीमा स्नातकोत्तर वा मेडिकल अंकोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

६. **फरेन्सिक मेडिकल अधिकृत, स्वास्थ्य, मेडिसिन, फरेन्सिक मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थानबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी फरेन्सिक मेडिसिनमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

७. **कन्सल्टेण्ट यूरो सर्जन, स्वास्थ्य, सर्जरी, यूरो सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि यूरो सर्जरीमा डिप्लोमा वा सो सरह।

८. **कन्सल्टेण्ट न्यूरो सर्जन, स्वास्थ्य, सर्जरी, न्यूरो सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी न्यूरो सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि सर्जिकल न्यूरो सर्जरीमा डिप्लोमा वा सो सरह।

९. **कन्सल्टेण्ट पेडियाट्रिक सर्जन, स्वास्थ्य, सर्जरी, पेडियाट्रिक्स सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस वा सो सरहको उपाधि प्राप्त गरी पेडियाट्रिक्स सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा जनरल सर्जरीमा स्नातकोत्तर उपाधि पछि पेडियाट्रिक सर्जरीमा डिप्लोमा वा सो सरह।

१०. **कन्सल्टेण्ट साइक्याष्ट्रिष्ट, स्वास्थ्य, साइक्याट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थानबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी साइक्याट्रीमा स्नातकोत्तर वा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

११. **कन्सल्टेण्ट निओनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक, निओनेटोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थानबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा पेडियाट्रिकक्समा स्नातकोत्तर उपाधि प्राप्त गरी निओनेटोलोजीमा पोष्टग्राजुयट डिप्लोमा वा सो सरह।

१२. **कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट, स्वास्थ्य, एनेस्थेसियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी एनेस्थेसियोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

१३. **कन्सल्टेण्ट प्याथोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, जनरल प्याथोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी प्याथोलोजीमा स्नातकोत्तर वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

१४. **कन्सल्टेण्ट माइक्रोबायोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, माइक्रोबायोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी माइक्रोबायोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि माइक्रोबायोलोजीमा डिप्लोमा वा सो सरह।

१५. **कन्सल्टेण्ट बायोकेमिष्ट, स्वास्थ्य, प्याथोलोजी, बायोकेमेष्ट्रीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी बायोकेमेष्ट्रीमा स्नातकोत्तर उपाधि प्राप्त वा प्याथोलोजीमा स्नातकोत्तर उपाधि पछि बायोकेमेष्ट्रीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह।

१६. **अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोपाधि प्राप्त।

१७. **जनस्वास्थ्य प्रशासक, स्वास्थ्य, हे.ई:- मान्यता प्राप्त शिक्षण संस्थानबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त।**

१८. **औषधि व्यवस्थापक, स्वास्थ्य, फार्मेसीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक उपाधि प्राप्त।

**(ख) खुलाको लागि**

**एघारौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **प्रमुख कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट, स्वास्थ्य, मेडीकल अंकोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल अंकोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **प्रमुख कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, कार्डियोथोरासिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

**नवौं तह (पद, सेवा, समूह, उपसमूह):**

१. **कन्सल्टेण्ट नेफ्रोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, नेफ्रोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेफ्रोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२. **कन्सल्टेण्ट न्यूरोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, न्यूरोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

३. **कन्सल्टेण्ट कार्डियोलोजिष्ट, स्वास्थ्य, मेडिसिन, कार्डियोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

४. **कन्सल्टेण्ट ट्रपिकल मेडिसिन (फिजिसियन), स्वास्थ्य, मेडिसिन, ट्रपिकल मेडिसिनः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट ट्रपिकल मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।

५. **कन्सल्टेण्ट चेष्ट डिजिज (फिजिसियन), स्वास्थ्य, मेडिसिन, चेष्ट डिजिजेजः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट चेष्ट मेडिसिनमा स्नातकोत्तर उपाधि प्राप्त।

६. **कन्सल्टेण्ट कार्डियोथोरासिक सर्जन, स्वास्थ्य, सर्जरी, कार्डियोथोरासिक सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कार्डियोथोरासिक सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

७. **कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन, स्वास्थ्य, सर्जरी, ग्याष्ट्रो इन्टेरोलोजिकल सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्जीकल ग्याष्ट्रो इन्टेरोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

८. **कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन, स्वास्थ्य सर्जरी, किड्नी ट्रान्सप्लान्ट सर्जरीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट किड्नी ट्रान्सप्लान्ट सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त वा एम.एस. जनरल सर्जरी उत्तीर्ण गरी ट्रान्सप्लान्ट सर्जरीमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त।

९. **कन्सल्टेण्ट नियोनेटोलोजिष्ट, स्वास्थ्य, पेडियाट्रिक, नियोनेटोलोजीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

१०. **कन्सल्टेण्ट हेमाटोलोजिष्ट, स्वास्थ्य, प्याथोलोजी, हेमाटोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि प्राप्त गरी हेमाटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

११. **अस्पताल नर्सिङ्ग प्रशासक, स्वास्थ्य, जनरल नर्सिङ्गः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

१२. **उपप्रमुख मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मेडिकल ल्याब टेक्नोलोजी, जनरल मेडिकल ल्याब टेक्नोलोजीः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

## उम्मेदवारले पेश गर्नुपर्ने कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ। उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ।

### शैक्षिक योग्यताको मूल प्रमाणपत्र नभएको अवस्थामा दरखास्त फाराम पेश गर्न पाउने विशेष व्यवस्था

आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विद्यालय/क्याम्पस विश्वविद्यालयवाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज उम्मेदवार उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्रसाथ उत्तीर्ण गरिसकेको (सबै वर्ष सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरु पेश गरेमा दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यसरी दरखास्त फाराम पेश गर्ने उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणपत्रहरु जारी हुनासाथ अपलोड गनुपर्नेछ।

### अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु

क) <u>आदिवासी/जनजातिका हकमा</u>:- नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ख) <u>दलितका हकमा</u>:- राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

ग) <u>अपाङ्गका हकमा</u>:- समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

घ) <u>मधेशीका हकमा</u>:- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात।

ङ) <u>पिछडिएको क्षेत्रका हकमा</u>:- निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७), संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को उपदफा (६) को स्पष्टीकरण खण्ड (१) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) को स्पष्टिकरण खण्ड (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा।

च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईँसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईँसराइ गरेको खुल्ने कागजात।

### आ) खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरुको लागि आवश्यक अनुभव

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र।

(१) निजामती तथा अन्य सरकारी निकाय
(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था
(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति
(४) ऐनद्वारा स्थापित संस्था वा निकाय
(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु
(७) विश्वविद्यालयको आंगिक क्याम्पस
(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव पेश गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन।

(ज) राजपत्रांकित प्रथम तथा द्वितीय श्रेणी वा सो सरहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ।

(ञ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ।

(ट) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारहरु दरखास्त दिने अन्तिम मिति सम्ममा अनिवार्य रुपमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भई म्याद कायम रहेको हुनुपर्नेछ।

(ठ) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residental अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ।

**इ) स्वास्थ्य सेवातर्फ दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष सूचना**

स्वास्थ्य सेवातर्फ नवौं र एघारौं तह (आ.प्र. तथा खुला) का प्रतियोगितात्मक परीक्षातर्फका पदहरुमा अनलाईन दरखास्त दिने उम्मेदवारहरुले आफूले दरखास्तमा उल्लेख गरेका कागजातहरुको प्रतिलिपि पेश गर्ने विषयको चेकलिष्ट लोक सेवा आयोगको वेवसाइट www.psc.gov.np को डाउनलोड मेनुबाट डाउनलोड गरी उक्त चेकलिष्टमा उल्लेखित कागजपत्रहरुको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी चेकलिष्टसमेत भरी फाइलमा संलग्न गरी दरखास्त दिने अन्तिम मितिको ७ (सात) दिन भित्र रुजु प्रयोजनका लागि दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर काठमाडौंमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ। यसरी रुजु भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरिनेछ।

**द्रष्टव्य**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सोही मिति भित्र सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको उपाधिको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिनेछ।